**नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको**
**२१औं वार्षिक साधारण सभाको**
**निर्णय (माईन्युट) विवरण**

१) यस नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७८/११/२७ गते बसेको सञ्चालक समितिको ३३३औं बैठकको निर्णयानुसार २१औं वार्षिक साधारण सभा अध्यक्ष श्री गोविन्द लाल संघईज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा सुसम्पन्न भयो ।

२) **सभा भएको मिति, स्थान र समय :-**

मिति : २०७८ साल चैत्र २१ गते सोमबार (तदनुसार ४ अप्रिल २०२२)
स्थान : होटल भिष्वा, बीरगञ्ज, पर्सा ।
समय : विहान ९.०० बजे प्रारम्भ भई दिउँसो ११.४५ बजे सम्पन्न ।

३) **सभाको सूचना :-**

यस कम्पनीको २१औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ अनुसार मिति २०७८/११/२९ गतेको अभियान र कारोबार राष्ट्रिय दैनिक पत्रिकाहरुमा सभा हुने मिति, स्थान, समय र छलफलको विषयसूची सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

४) **छलफलका विषयसूचीहरु :-**

क) **सामान्य प्रस्ताव**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७६/०७७ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।
३) लेखापरीक्षण समिति र संचालक समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०७७/७८ को लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त गरी नियुक्त लेखापरीक्षक एस.ए.आर. एण्ड एशोसिएट्सको नियुक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने ।
४) संचालक समितिले प्रस्ताव गरे बमोजिम ०.७३६८% नगद लाभांश (प्रस्तावित बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृत गर्ने ।
५) संचालक समितिमा संस्थापक शेयरधनी समुह (क) बाट प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालकहरुको निर्वाचन गर्ने ।

ख) **बिशेष प्रस्ताव**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजीको १४ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारि पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता



प्रधान कार्यालय नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

पूँजीलाई तदनुरुप बृद्धि गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

२) कम्पनीको हाल कायम पूँजी संरचनामा संस्थापक र सर्वसाधारण शेयरको ६०:४० अनुपातलाई परिवर्तन गरि ५१:४९ प्रतिशत कायम गर्न संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने र तदनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन प्रस्ताव पारित गर्ने ।

३) प्रवन्धपत्र र नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

४) कम्पनी ऐन को दफा १०५ (१) (ग) बमोजिम आ.व. २०७६/७७ मा चन्दा शिर्षक अन्तर्गत भएको खर्च अनुमोदन गर्ने ।

**ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु**

**५) उपस्थिति**

**क) संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| १. श्री गोविन्द लाल संघई | अध्यक्ष |
| २. श्री राम अवतार अग्रवाल | सञ्चालक |
| ३. श्री विवेक अग्रवाल | सञ्चालक |
| ४. श्री बिमल प्रसाद ढकाल | सञ्चालक |
| ५. श्री कृष्णराज लामिछाने | सञ्चालक |
| ६. श्रीमती पारुल ढकाल | सञ्चालक |

**ख) पदाधिकारीहरुको उपस्थिति**

| | |
|---|---|
| १. श्री सुशील कुमार चौधरी | कार्यवाहक प्रमुख कार्यकारी अधिकृत |
| २. श्री प्रवीण रमण पराजुली | बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री दिग्विजय सिंघल | बरिष्ठ सहायक महाप्रबन्धक |
| ४. श्री प्रेम प्रसाद रेग्मी | वरिष्ठ प्रबन्धक |
| ५. श्री विनोदकुमार भुजेल | कम्पनी सचिव/ बरिष्ठ प्रबन्धक |
| ६. श्री रोशन दवाडी | लेखा तथा वित्त विभाग प्रमुख |
| ७. श्री सुरज शर्मा | ब्राण्डिङ्ग एण्ड कम्युनिकेशन इकाई प्रमुख |
| ८. श्री दशरथ झा | क्षेत्रीय प्रमुख, बीरगंज |

**ग) अन्य उपस्थिति**

१. अधिबक्ता श्री हरिश्चन्द्र सुबेदी, निर्वाचन अधिकृत

प्रधान कार्यालय

६) **शेयरधनीहरुको उपस्थिति**

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,९५,६३८ | ९० | २९८ | ३८८ | - |
| शेयर संख्या | ७,१९,९९,७०६.६१ | ५३,२८,५८२ | ४,४८,२७,४९८ | ५,०१,५६,०८० | ६९.६६% |

७) **गणपुरक संख्या एवं बैधानिकता**

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव विनोदकुमार भुजेलले २१औं साधारण सभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनुभयो ।

८) **सभाको अध्यक्षता र सभा संचालन**

निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू एवं संचालकज्यूहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । कम्पनीको २१औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१४(ग) बमोजिम सञ्चालक श्री गोविन्द लाल संघईज्यूले गर्नुभयो । प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को अधिनमा रही सभाध्यक्ष श्री गोविन्द लाल संघईज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको विधिवत् प्रारम्भ गर्नुभयो । उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाध्यक्षज्यूबाट सभाको कार्यक्रम अघि बढाउनु भयो ।

९) **२१औं बार्षिक प्रतिवेदन प्रस्तुती**

सभाको काम कारबाहीलाई अगाडि बढाउने कममा सभाका सभापति एवं अध्यक्ष श्री गोविन्दलाल संघईज्यूले आ.व. २०७६/७७ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब किताब तथा नगद प्रवाह विवरण साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०) **छलफलका लागि आह्वान :-**

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो । यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो ।

क) श्री नन्द प्रसाद तिवारी

ख) श्री ओम  बहादुर के.सी.

ग) श्री राजेन्द्र आमात्य

नेशनल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

११) **प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरु :**

१) **श्री नन्द प्रसाद तिवारी**ज्यूले कम्पनीको कार्यसम्पादनलाई अझ उत्कृष्ट र परिणाममुखी बनाउन कम्पनीको कर्मचारी र अभिकर्ताहरुलाई अझ दक्ष एवं व्यवसायिक बनाउनु पर्ने धारणा राख्दै राम्रा कर्मचारी र अभिकर्ताहरु पलायन हुने कार्यलाई रोक्नु पर्ने सुझाव दिनु भयो । उहाँले दाबी सम्पादन राम्रो भएको जनाउदै उहाँले झुटो बीमा दाबीप्रति सचेत रही त्यस्ता कार्यलाई निरुत्साहित गर्नु पर्ने सुझाव राख्नु भयो । त्यसै गरी, बीमितले छोटो अवधिमा बीमा समर्पण गर्ने कार्यलाई कम गर्न व्यवस्थापनले विशेष योजना बनाई कार्य गर्न आग्रह गर्नु भयो । अन्त्यमा, आ.ब. २०७६/७७ मा १४% बोनस शेयर प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्दै आगामी बर्ष अझ उत्कृष्ट प्रतिफल शेयरधनीहरुलाई प्रदान गर्न अनुरोध गर्नुभयो ।

२) **श्री ओम बहादुर के.सी.ज्यूले** कम्पनी प्रति विश्वास गरी हातेमालो गर्दै कम्पनीलाई यो उचाईमा पुऱ्याउन योगदान दिने उत्कृष्ट कर्मचारी तथा अभिकर्ताहरुलाई साधारण सभामा सम्मान गर्नुपर्ने धारणा सुझावको रुपमा राख्नु भयो । उहाँले बीमा समितिको लगानी निर्देशिकाभित्र रहेर कम्पनीका लागि विभिन्न शहरहरुमा घरजग्गा खरिद गर्न जोड दिनु पर्ने र यसले कम्पनीको साख बद्धि र जनसमुदायमा विश्वास जगाउने वताउनु भयो । उहाँले कम्पनीको समग्र वित्तीय सुचकांकप्रति चर्चा गर्दै कम्पनीले पारदर्शिता र अन्तर्राष्ट्रियस्तरको वित्तीय प्रणाली कायम राखी सवैलाई उदाहरण प्रस्तुत गर्न सफल हुनु पर्ने सुझाव राख्नुभयो। उहाँले कम्पनीको विज्ञापन प्रणालीलाई मितव्ययी एवं प्रभावकारी वनाउन आवश्यक रहेको भनी सुझाव दिनु भयो । उहाँले कम्पनीको बीमित बोनसदर घटेको र शेयरधनीको लागि लाभांश कम आएकोमा असन्तुष्टी व्यक्त गर्दै कम्पनीले बीमित र शेयरधनीको प्रतिफल आगामी वर्षहरुमा बढाउन जरुरी रहेको वताउनु भयो ।

३) **श्री राजेन्द्र अमात्यज्यूले** १४% बोनस शेयर वितरण गरेकोमा कम्पनीलाई धन्यवाद दिनुभयो । उहाँले अर्को आ.ब. मा अझ उत्कृष्ट प्रतिफल पाउने अपेक्षा रहेको वताउनुभयो । उहाँले शाखा कार्यालयहरु खोल्दा स्तरियतामा ध्यान दिन अनुरोध गर्दै कर्मचारी र अभिकर्ताहरुको दक्षता बृद्धिका लागि रणनीतिक कार्ययोजना बनाउन सकेको खोई भनी प्रश्न गर्नु भयो । उहाँले बार्षिक प्रतिवेदनमा लेखिएका बुँदाहरुको कार्यान्वयन पक्ष बलियो हुनुपर्ने तथा ब्यवस्थापन सबल हुनुपर्ने कुरा ब्यक्त गर्दै कम्पनीको उत्तरोतर प्रगतिको कामना गर्नु भयो ।

१२) कम्पनी सचिवले निवर्तमान संचालक **श्री कमलेश कुमार अग्रवाल**ज्यूलाई आफ्ना विचार तथा भनाईहरु प्रस्तुत गर्न अनुरोध गर्नु भयो । श्री अग्रवालज्यूले कम्पनीले २१ वर्ष पार गरेको र सो अवधिमा शेयरधनीहरुलाई उल्लेख्य लाभांश वितरण गर्न सकेको वताउनु भयो । कोभिड १९ को संक्रमणबाट वित्तीय क्षेत्र प्रभावित भएको अवस्थामा पनि कम्पनीले शेयरधनीहरुलाई १४% बोनस शेयर वितरण गर्न सक्नु राम्रो हो भन्नु भयो । उहाँले नेपाल लाइफमा भैरहेको योजनाबद्ध बीमा समर्पण कम हुँदै गइरहेको जानकारी गराउनु भयो । आगामी साधाराण सभामा उत्कृष्ठ कर्मचारी र अभिकर्ताहरुलाई सम्मान गर्न आवश्यक रहेको शेयरधनीहरुको सुझावमा आफ्नो पनि सहमति रहेको जनाउनु भयो ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

१३) **शेयरधनीहरुको जिज्ञासाको जवाफ:**

अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभामा आफनो अमुल्य सुझाव तथा जिज्ञासा राख्नुभएका शेयरधनीलाई हार्दिक धन्यबाद व्यक्त गर्नुहुदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनका लागि वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्युलाई निर्देशन दिनु भयो ।

**वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुली**

शेयरधनीहरुज्यूको प्रश्न र जिज्ञासाहरुप्रति सामूहिक प्रतिउत्तर दिने क्रममा वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीले सवैभन्दा पहिला शेयरधनीहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकरात्मक प्रतिक्रिया र कम्पनीले प्रगतिका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि धन्यवाद दिनुभयो । उहाँले शेयरधनीहरुको सकरात्मक सुझावहरुलाई टिपिएको र भविष्यमा कार्यान्वयन गरिने प्रतिबद्धता जनाउनु भयो । कर्मचारी र अभिकर्ताको दक्षता अभिबृद्धि सम्बन्धमा श्री पराजुलीले केही समय अघि कोभिड १९ को कारण भौतिकरुपमा प्रशिक्षण र दक्षता अभिबृद्धिका कार्यक्रम कम भएको स्वीकार गर्दै अव कम्पनीले क्षेत्रीय र राष्ट्रियस्तरमा प्रशिक्षण कार्यहरु शुरु भैसकेको र सीप र दक्षता अभिबृद्धि गर्ने उद्देश्यकासाथ कम्पनीले कमलपोखरीस्थित सिटी सेन्टरमा आधुनिक प्रशिक्षण कक्ष नेपाल लाइफ पाठशालाको शुरुवात भैसकेको जानकारी गराउनु भयो । त्यसै गरी, कम्पनीको लागि घरजग्गा खरिद सम्बन्धमा राखिएको जिज्ञासामा उहाँले पोखरामा घरजग्गा खरिदका लागि बीमा समितिमा अन्तिम स्वीकृतिका लागि पत्र पठाइ सकिएको र काठमाण्डौको लागि पनि कार्यहरु अगाडि बढिरहेको जानकारी दिनु भयो । श्री पराजुलीले पूर्व बक्ता एवं समिक्षा वर्षका सञ्चालक श्री कमलेश कुमार अग्रवालज्यूले कम्पनीको लाभांश वितरण र समसामयिक सन्दर्भमा राख्नु भएको मन्तव्यका लाथि धन्यवाद दिंदै शेयरधनीहरुको धेरै जिज्ञासाहरुको उत्तर उहाँको मन्तव्यमा आइसकेको भनी जानकारी गराउनु भयो । अन्त्यमा, उहाँले कर्मचारी सेवामा अझ सुधार गरिने, कम्पनीको सिएसआरलाई बढाइने, अल्पकालिन बीमा समर्पणलाई निरुत्साहन र दाबी भुक्तानीलाई अझ सरल बनाइने जानकारी गराउनु भयो ।

१४) **सम्मान पत्र प्रदान**

कम्पनीको सञ्चालक समितिको सदस्यरुपमा श्री राम अवतार अग्रवालज्यूले २ दशकभन्दा बढी र स्वतन्त्र सञ्चालकको रुपमा श्री कमलेश कुमार अग्रवालज्यूले १५ बर्षभन्दा बढी कार्य गरि कम्पनीको बृहत्तर विकाशमा पुऱ्याउनु भएको अतुलनीय योगदानलाई स्मरण गर्दै कम्पनीको तर्फबाट अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले उहाँहरुलाई सम्मान पत्र प्रदान गरि सम्मानित गर्नु भयो ।

श्री राम अवतार अग्रवालज्यूले आफुनो योगदानको उच्च सम्मान गरेकोमा कम्पनी परिवारलाई धन्यवाद ज्ञापन गर्नु भयो र अव सञ्चालक समितिको सदस्यरुपमा नरहे पनि कम्पनीको उत्तरोत्तर प्रगतिको सदैव कामना गरिरहने वताउनु भयो ।

१५) **साधारण सभाको छलफल तथा निर्णयहरु**

क) **सामान्य प्रस्ताव**

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

१) सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व. २०७६/७७ को संचालक समितिको २१ औं बार्षिक प्रतिवेदन छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

२) सभामा लेखापीरक्षकको प्रतिवेदन सहित आ.व. २०७६/७७ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३) सभामा लेखापरीक्षण समिति र संचालक समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०७७/७८ को लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त गरी नियुक्त लेखापरीक्षक एस.ए.आर. एण्ड एशोसिएट्सको नियुक्ति र निजको वार्षिक पारिश्रमिक शुल्क रु. १० लाख (भ्याट बाहेक) उपलब्ध गराउने प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम ०.७३६८% नगद लाभांश (प्रस्तावित बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५) संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने 'क' समुहका ४ (चार) जना सञ्चालक पदको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृत श्री हरिश्चन्द्र सुबेदीज्यूलाई निर्वाचन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुरोध गरिए पश्चात् निर्वाचन अधिकृतज्यूले कम्पनीको सञ्चालक निर्वाचन सम्बन्धी आन्तरिक निर्देशिका, २०६१ बमोजिम निर्वाचन कार्यक्रम प्रकाशित गरी प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रममा उल्लेखित समयसीमा भित्र सञ्चालक पद ४ (चार) का लागि उम्मेदवारी दिनेमा श्री गोविन्द लाल संघईज्यू, श्री कमलेश कुमार अग्रवालज्यू, श्री विवेक अग्रवालज्यू र श्री शक्ति कुमार गोल्याणज्यू गरी ४ (चार) जनाको मात्र मनोनयन पत्र दर्ता हुन आएको जानकारी सभालाई गराउनु भई उहाँहरु चारै जना कम्पनीको सञ्चालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो । नव निर्वाचित सञ्चालककहरुलाई निर्वाचन अधिकृतज्यूले प्रमाणपत्र प्रदान गर्नुभई निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य समाप्त भएको घोषणा गर्नुभयो । त्यस पश्चात्, संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने समुह 'क' का ४ (जना) जना सञ्चालकको निर्वाचनलाई सभाले सर्वसम्मतिबाट अनुमोदन गर्‍यो ।

नव निर्वाचित ४ सञ्चालकज्यूहरुलाई सञ्चालकद्वय श्री बिमल प्रसाद ढकालज्यू र श्री कृष्णराज लामिछानेज्यूले सञ्चालक समितिको तर्फबाट पुष्पगुच्छा प्रदान गर्नुभई हार्दिक स्वागत एवं बधाई ज्ञापन गर्नुभयो ।

प्रधान कार्यालय

**ख) विशेष प्रस्ताव**

१) सभामा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजीको १४ प्रतिशत बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गरियोस भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो साथै बोनस शेयर जारि पश्चात् हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गर्ने एवं बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२) सभामा कम्पनीको हाल कायम पूँजी संरचनामा संस्थापक र सर्वसाधारण शेयरको ६०:४० अनुपातलाई परिवर्तन गरि ५१:४९ प्रतिशत कायम गर्न संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने र तदनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्ताव प्रस्तुत हुँदा सर्वसम्मतिले पारित गरियो ।

३) प्रवन्धपत्र र नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्धपत्रमा संशोधन प्रस्ताव**

| दफा | हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने ब्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| दफा ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु.७,१९,९९,७०,६६१/- (अक्षरुपी सात अर्ब उन्नाईस करोड उनान्सय लाख सत्तरी हजार छ सय एकसठ्ठी) हुनेछ । | कम्पनीको तत्काल जारी पूँजी रु. ८,२०,७९,६६,५५४/-(अक्षरुपी आठ अर्ब बीस करोड उनासी लाख छैसठ्ठी हजार पाँच सय चौवन्न) हुनेछ । | बोनस शेयर जारी गर्दा विद्यमान जारी पूँजी अपुग हुने भई जारी पुँजीलाई बृद्धि गर्न आवश्यक भएकोले । |
| दफा ५(ग) | कम्पनीको जारी पूँजी मध्ये ६०% को शेयर (क) समूहका शेयरधनिहरुलाई र ४०% शेयर (ख) समूहका शेयरधनिहरुलाई बाँडफाँड गरिने छ । | कम्पनीको जारी पूँजी मध्ये ५१% को शेयर (क) समूहका शेयरधनीहरुलाई र ४९% शेयर (ख) समूहका शेयरधीनहरुलाई बाँडफाँड गरिने छ । | २१औं वार्षिक साधारण सभाबाट शेयर संरचना परिवर्तन गर्ने निर्णय भई संशोधन आवश्यक भएकोले । |

प्रधान कार्यालय

| | | | |
|---|---|---|---|
| दफा ५(घ) | कम्पनीको चुक्ता पूँजी रु. ७,१९,९९,७०,६६१/- (अक्षरुपी सात अर्ब उन्नाईस करोड उनान्सय लाख सत्तरी हजार छ सय एकसट्ठी) हुनेछ । | कम्पनीको चुक्ता पूँजी रु. ८,२०,७९,६६,५५४/- (अक्षरुपी आठ अर्ब बीस करोड उनासी लाख छैसट्ठी हजार पाँच सय चौवन्न) हुनेछ । | बोनस शेयर जारी गर्दा चुक्ता पूँजी बृद्धि हुने भएकोले । |

**नियमावलीमा संशोधन प्रस्ताव**

| नियम | हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| नियम ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु.७,१९,९९,७०,६६१/- (अक्षरुपी सात अर्ब उन्नाईस करोड उनान्सय लाख सत्तरी हजार छ सय एकसट्ठी) हुनेछ । | कम्पनीको तत्काल जारी पूँजी रु. ८,२०,७९,६६,५५४/-(अक्षरुपी आठ अर्ब बीस करोड उनासी लाख छैसट्ठी हजार पाँच सय चौवन्न) हुनेछ । | बोनस शेयर जारी गर्दा विद्यमान जारी पूँजी अपुग हुने भई जारी पुँजीलाई बृद्धि गर्न आवश्यक भएकोले । |
| नियम ५(ङ) | कम्पनीको चुक्ता पूँजी रु.७,१९,९९,७०,६६१/- (अक्षरुपी सात अर्ब उन्नाईस करोड उनान्सय लाख सत्तरी हजार छ सय एकसट्ठी) हुनेछ । | कम्पनीको चुक्ता पूँजी रु. ८,२०,७९,६६,५५४/-(अक्षरुपी आठ अर्ब बीस करोड उनासी लाख छैसट्ठी हजार पाँच सय चौवन्न) हुनेछ । | बोनस शेयर जारी गर्दा चुक्ता पूँजी बृद्धि हुने भएकोले । |
| नियम ५(च) | कम्पनीको जारी पूँजी मध्ये ६०% को शेयर (क) समूहका शेयरधनिहरुलाई र ४०% शेयर (ख) समूहका शेयरधनिहरुलाई बाँडफाँड गरिने छ । | कम्पनीको जारी पूँजी मध्ये ५१% को शेयर (क) समूहका शेयरधनीहरुलाई र ४९% शेयर ( ख) समूहका शेयरधनीहरुलाई बाँडफाँड गरिने छ । | २१औं वार्षिक साधारण सभाबाट शेयर संरचना परिवर्तन गर्ने निर्णय भई संशोधन आवश्यक भएकोले । |

प्रधान कार्यालय

४. कम्पनीले आ.व २०७६/७७ मा सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न कार्यका लागि कुल रु.१,०२,५३,४३१/- रकम चन्दा शिर्षक अन्तर्गत लेखाङ्कन गरिएकोले कम्पनी ऐनको दफा १०५ (ग) बमोजिम अनुमोदनका लागि पेश हुदाँ सभाद्वारा सर्वसम्मतिले अनुमोदन गरियो ।

**ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु ।**

अध्यक्षको अनुमतिले छलफलका लागि अन्य कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो ।

**१६. धन्यवाद तथा सभा विसर्जन**

आफ्नो अमुल्य समय यस नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २१औं वार्षिक साधारणसभालाई प्रदान गरी सौहार्दपूर्ण वातावरणमा सभा सम्पन्न गर्नमा सहयोग गरिदिएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउँसो ११.४५ बजे सभाका अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

(विनोदकुमार भुजेल)
कम्पनी सचिव

(गोविन्द लाल संघई)
अध्यक्ष